

Public Health England

NHS

# कोभीड-१९ खोपका लागि एक निर्देशिका – बच्चा जन्माउने उमेरका सबै महिलाहरू, जो हाल गर्भवती वा स्तनपान गराउदैछन्

## खोपका लागि जानु अघि तपाईंले यो अनिवार्य पढ्नु पर्छ

बेलायतमा उपलब्ध कोभीड-१९ खोपहरू प्रभावकारी र राम्रो सुरक्षा प्रोफाइल भएको देखाइएको छ। प्रारम्भिक कोभीड-१९ खोपहरूले शरीरमा वृद्धि हुन सक्ने जीवहरू समावेश गर्दैन, त्यसैले तिनीहरूले गर्भमा रहेको बच्चालाई संक्रमित गर्न सक्दैनन्।

### धेरै खोपहरू गर्भावस्थामा सुरक्षित रूपमा दिन सकिन्छ त्यसकारण मलाई किन यस खोपका बिरूद्ध सल्लाह दिइन्छ?

अहिलेसम्म खोपहरू गर्भावस्थामा परीक्षण गरिएको छैन, यसैले अधिक जानकारी उपलब्ध नभएसम्म गर्भवतीहरूले नियमित रूपमा यो खोप लगाउनु हुदैन। are गर्भावस्थामा कुनै चिकित्सकीय अध्ययन सुरु हुनु अघि गैर चिकित्सकीय प्रमाण आवश्यक हुन्छ, र त्यो भन्दा पहिले, गर्भावस्थामा नियमित खोपको सिफारिश नगर्नु सामान्य कुरा हो।

फाइजर बायोटेक भ्याक्सिनको गैर क्लिनिकल अध्ययनबाट प्राप्त प्रमाणहरू औषधी र स्वास्थ्य सामाग्री नियामक एजेन्सी (एमएचआरए) द्वारा प्राप्त र समीक्षा गरिएको छ। यो प्रमाण विश्व स्वास्थ्य संगठन र संयुक्त राज्य अमेरिका, क्यानडा र युरोपका नियामक निकायहरु द्वारा पनि समीक्षा गरिएको र गर्भावस्थामा सुरक्षाको बारेमा कुनै सरोकार देखाएको छैन।

एस्ट्रा-जेनेका कोभीड-१९ खोपको गैर चिकित्सकीय अध्ययनले कुनै सरोकार देखाएको छैन।



कोभीड-१९ खोप

आफैलाई बचाउनुहोस्।

खोप र प्रतिरक्षणमा खोप सम्बन्धी संयुक्त समिति (जेसीभीआई) ले खोपका सम्भावित फाइदाहरू विशेष गरी केही गर्भवती महिलाहरूका लागि महत्त्वपूर्ण रहेको स्वीकार गरेको छ। यसमा ती व्यक्तिहरूलाई समावेश गरिएको छ जो संक्रमण हुनसक्ने धेरै जोखिममा छन् वा जो चिकित्सकीय स्थितिमा छन् जसले उनीहरूलाई कोभीड-१९ बाट गम्भीर जटिलताहरूबाट पिडित हुने उच्च जोखिममा राख्छन्।

यी अवस्थाहरूमा तपाईंले आफ्नो चिकित्सक वा नर्ससँग खोपको बारेमा छलफल गर्नुपर्दछ र तपाईंलाई अगाडि बढ्नु राम्रो हो भन्ने लाग्न सक्छ र खोपबाट सुरक्षा प्राप्त गर्नु राम्रो हो।



## स्तनपान

स्तनपान गराउँदै गरेको वा स्तनपान गराइएको शिशुमा कोविड–१९ खोपहरूको सुरक्षामा कुनै डाटा छैन। यस बाहेक, कोभीड-१९ खोपहरू स्तनपान गरि रहेको शिशुको लागि जोखिम मानिएको छैन, र स्तनपानका फाइदाहरू सबैलाई थाहा छ। यस कारणले, जेसीभीआई ले सिफारिश गरेको छ कि खोप स्तनपान गराउँदा पनि लिन सकिन्छ। यो संयुक्त राज्य अमेरिका र विश्व स्वास्थ्य संगठनको सिफारिसहरू अनुरूप छ।

## मेरो लागि यसको अर्थ के हो?

यहाँ तपाईंले विचार गर्नु पर्ने मुख्य बुँदाहरू छन्:

- यदि तपाईं गर्भवती हुनुहुन्छ भने तपाईं उच्च जोखिममा नभएसम्म तपाईंले खोप लिनु हुँदैन - तपाईंको गर्भावस्था सकिए पछि तपाईंले खोप लगाउन सक्नुहुन्छ
- यदि तपाईंले पहिलो खुराक लिनु भएपछी गर्भवती हुनुभएको छ भने तपाईंले दोस्रो खुराक गर्भावस्था समाप्त नभएसम्म ढिलाइ गर्नुपर्छ (तपाईं उच्च जोखिममा नभएसम्म)

यदि तपाईं गर्भवती हुनुहुन्छ तर तपाईं उच्च जोखिममा हुनुहुन्छ भन्ने सोच्नुहुन्छ भने तपाईंले आफ्नो चिकित्सक वा नर्ससँग खोप लगाउने वा सम्पन्न गर्नेबारे छलफल गर्नुपर्छ।

यद्यपि खोपको गर्भावस्थामा परीक्षण गरिएको छैन, तपाईंले यो निर्णय लिन सक्नुहुन्छ कि कोभीड-१९ बाट ज्ञात जोखिमहरू यति स्पष्ट छन् कि तपाईं खोपको साथ अगाडी जान चाहनुहुन्छ। कोभीड-१९ खोप पछि गर्भाधानबाट जोगिन कुनै सल्लाह छैन।

यदि तपाईं स्तनपान गराउँदै हुनुहुन्छ भने तपाईंले स्तनपान गराउन नरोकुन्जेल कुर्नुहोस् र त्यसपछि खोप लिन सक्नुहुन्छ।

खोप, ती सब भन्दा कमजोरलाई बचाउन सहयोग गर्दै।

© Crown copyright 2020. उत्पादन संकेत COV2020374V2NE 1p 10M DEC (APS) 2020. जन स्वास्थ्य इंगल्याण्ड गेटवे संख्या 2020502. तपाईं यी थप नि: शुल्क पर्चाहरू www.healthpublications.gov.uk माग गर्न सक्नुहुनेछ